नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

सिंहदरबार,काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

मितिः- २०७८/०५/११

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- ३२

श्री स्थानीय तह (सबै) ।

विषयः- मानव अधिकार पुरस्कार सम्बन्धमा।

प्रस्तुत विषयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. ५६ मिति २०७८/०४/३१ को मानव अधिकार पुरस्कार सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त मानव अधिकार पुरस्कार सम्बन्धी सूचना संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ।

..........................

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

रावा बेसी गाउँपालिका हरमटार

कुभिण्डे, खोटाङ

मिति : २०७८/५/१५

दर्ता नम्बर : १७३

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.................................. शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. : ०७८/०७९

च.नं. : ९५

मितिः २०७८।०४।३१

विषयः मानव अधिकार पुरस्कार सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने एकजना व्यक्ति र एउटा संस्थालाई यसै वर्षबाट शुरु गरी प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका उपलक्ष्यमा नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने निर्णय भएबमोजिम यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाले मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा रहेको ढाँचामा सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिन मिति २०७८/४/२८ को गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा यसैसाथ संलग्न सूचना प्रकाशन भएको व्यहोरा अनुरोध छ ।

अतः उक्त सूचना बढी भन्दा बढी सरोकारवालाहरु समक्ष पुगोस् भन्नाका लागि तहाँ मन्त्रालयबाट समेत सबै स्थानीय तहमा उक्त सूचना सम्प्रेषण गरी प्रचारप्रसारमा आवश्यक सहयोग हुन निर्देशानुसार अनुरोध छ ।

(अर्जुन भुसाल)

शाखा अधिकृत

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४२११६८४

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

# मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०७८/०४/२८

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना व्यक्ति र एउटा संस्थालाई यसै वर्षबाट शुरु गरी प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका उपलक्ष्यमा नेपाल सरकारको तर्फबाट **मानव अधिकार पुरस्कार** प्रदान गरिने व्यहोरा सूचित गरिन्छ। यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुले **मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा रहेको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिनुहुन वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा पठाउनुहुन आह्वान गरिन्छ।

इमेल: infolaw@moljpa.gov.np

पुनश्च: **मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** यस मन्त्रालयको वेबसाइट (www.moljpa.gov.np) मा राखिएको छ।

**मानव अधिकार पुरस्कार समितिको सचिवालय,**
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website :rawabesimun.gov.np

E-mail :rawabesigaupalika@gmail.com


पत्र संख्या :-२०७८/०७९

चलानि नं.१६५

मिति :२०७८।०५।१५

विषयः मानव अधिकार पुरस्कार सम्बन्धमा ।

श्री रावा बेसी गाउँपालिका
वडा कार्यालयहरु, सबै

प्रस्तुत विषयमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३२ मिति २०७८।०५।१२ गतेको मानव अधिकार पुरस्कार विषयको प्राप्त पत्रसाथ संलग्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं.५६ मिति २०७८।०४।३१ को मानव अधिकार पुरस्कार सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धी पत्र र सो पत्रसाथ मानव अधिकार पुरस्कार सम्बन्धी सूचनाको फोटोकपी यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । उक्त सूचना प्रचार प्रसार गरि दिनु हुन अनुरोध छ ।

२०७८।०५।१५

.............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत